# प्रदेश सरकार, लुम्बिनी प्रदेश, मन्त्रिपरिषद्को निर्णय

**२०७७ साल पौष ०३ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** सुशासन नियमावली,२०७७ स्वीकृत गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूचीमा २ मा हेरफेर गरी मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको राज्यमन्त्री सरह हुने र जनसम्पर्क सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको सहायक मन्त्री सरह हुने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७७ लाई सहमति प्रदान गर्ने ।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश पूर्वाधार विकास प्राधिकरणको आ.व.२०७७/७८ को लागि संगठन संरचना र थप अस्थायी दरवन्दी स्वीकृत गर्ने।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश प्रशिक्षण प्रतिष्ठानको आ.व.२०७७/७८ को लागि संगठन संरचना र अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

६. **सामाजिक विकास मन्त्रालयः** प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नती (पहिलो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने ।

७. **सामाजिक विकास मन्त्रालयः** सामाजिक विकास डिभिजन कार्यालयहरुको संगठन संरचना परिमार्जन सहित आ.व. २०७७/७८ मा समेत निरन्तरता दिने ।

८. **सामाजिक विकास मन्त्रालयः** प्रदेश बालकोष (स्थापना र संचालन) नियमावली,२०७७ स्वीकृत गर्ने।